# सामीको दुई दिने शिविर

खोटाङ-जिल्लाका पर्यटकीय क्षेत्र बाराहापोखरीमा वैदेशिक रोजगारलाई सुरक्षित र उपलव्धीमुलक बनाउने उद्देश्यले आयोजना गरिएको दुई दिने शिविर कात्तिक १७ सोमबार समापन गरिएको छ। महिलालाई लक्षित गरी सञ्चालन गरिएको हो।

सुरक्षित आप्रवासन परियोजना(सामी) सूचना तथा परामर्श केन्द्र, जनसेवा समाज नेपाल जालपाले कात्तिक १६ र १७ गते आयोजना गरेको थियो। शिबिरमा वैदेशिक रोजगारलाई कसरी सुरक्षित र उपलव्धीमुलक बनाउने भन्ने विषयमा सम्भावित आप्रवासी र उनीहरूको परिवारलाई लक्षित गरी परामर्श दिनुका साथै जानकारी मुलक पर्चा पम्पलेट वितरण गरिएको जनसेवा समाज नेपाल सुरक्षित आप्रवासन परियोजना(सामी)का कार्यक्रम संयोजक नविन्द्र राईले बताए। शिविरमा दुई सय ५० जना सहभागी भएका थिए। त्यस्तै शिबिर हलेसीमा आगामी मङ्सिरमा हुने बालाचतुर्दशीको अवसरमा लाग्ने मेलामा पनि सञ्चालन गरिने संयोजक राईले बताए।